२०८१/०८/०७

# प्रेस विज्ञप्ति

बहुदरमाई नगरपालिकाको कार्यालयमा २०८१।०८।०५ गतेका दिन भएको तोडफोड तथा आगजनीको घटना प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

बहुदरमाई नगरपालिकाका नगरप्रमुख शिंघासन साह तेलीलाई हामी त्यस पालिकाका जिम्मेवार जनप्रतिनिधिहरु पटक पटक पालिकाको संचालन बारे जानकारी, आग्रह गर्दा पनि एक्लो हठ देखाउँदै नगरपालिकाको बजेट संचालन गर्ने, सभाको निर्णय प्रमाणित नगर्ने, नियमति बोर्ड बैठक नगर्ने तथा पालिका संचालनको कार्यमा कुनै अग्रससरता नदेखाएको कारण पालिकाका जनताले दुख भोग्नु परेको र हामी समेतले सेवा प्रवाह गर्न नसकी रहेको सर्वविदित्त नै छ ।

नगरपालिका संचालनमा अहम भूमिका निर्वाह गर्दै आएका प्रमुख प्रशासकीय अधिकृतको सरुवाको बहानामा पालिकालाई बन्धक बनाई लोकतन्त्रको मूल्य मान्यता विपरित रहेकोले यथाशीघ्र नगरपालिकाको बैठक बोलाई नगरपालिकाको समस्या समाधान गर्न आग्रह गर्दछौ । साथै नगरप्रमुखको एकल निर्णयमा कुनै पनि निकायले प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा नगर्न जानकारी गराउँछौं ।

भ्रष्टाचार मुक्त नगरपालिका बनाउन अहम भूमिका निर्वाह गर्ने हालका प्रमुख प्रशासकीयसंगै कार्य गर्न गराउन, घटनाको उचित छानविन र कार्यपालिकाको नियमित संचालनको माँग गर्दछौं ।

धन्यवाद

जय बहुदरमाई

१) सुष्मा कुशवाहा : उप्र-प्रमुख, बहुरदमाई नगरपालिका
२) जितेन्द्र पटेल : वडाध्यक्ष
३) प्रमोद यादव : वडाध्यक्ष
४) दिनेश यादव : वडाध्यक्ष
५) सुरेन्द्र यादव : वडाध्यक्ष
६) सुनिल महतो कोइरी : वडाध्यक्ष
७) रविन्द्र प्रसाद गुप्ता : वडाध्यक्ष
८) नगिया देवी पासवान : कार्यपालिका सदस्य
९) सुनिता देवी : कार्यपालिका सदस्य
१०) सम्सा खातुन : कार्यपालिका सदस्य
११) मुखदेव साह कानु : कार्यपालिका सदस्य